# ५७ औं बार्षिक साधारणसभामा अध्यक्ष श्री शेखर गोल्छाज्यूको मन्तव्य

*हरेक संकटमा सहकार्यले जितेको यात्रा हो हाम्रो*
*मैले गरे भन्दा पनि हामीले थाल्यौं भन्न पाउनु पो राम्रो*

सम्माननीय प्रधानमन्त्रीज्यू

माननीय अर्थमन्त्रीज्यू

माननीय उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रीज्यू

माननीय मन्त्रीज्यूहरु

माननीय सांसदज्यूहरु

नेपाल सरकारका मुख्य सचिवज्यू,

नेपाल राष्ट बैंकका गभर्नरज्यू

सचिवज्यूहरु एवं सरकारका उच्च पदस्थ अधिकारीज्यूहरु

नेपाल उद्योग वाणिज्य महासंघका निवर्तमान अध्यक्षज्यू

महासंघका पूर्व अध्यक्षज्यूहरु

महासंघका वरिष्ठ उपाध्यक्षज्यू

महासंघका उपाध्यक्षज्यूहरु एवं कोषाध्यक्षज्यू

उद्योग परिसंघ र नेपाल चेम्बर अफ कमर्शका अध्यक्षज्यू

कार्यकारिणी समितिका सदस्यज्यूहरु

महासंघका सदस्य संघसंस्थाका अध्यक्ष एवं प्रतिनिधिज्यूहरु

**Excellences, Representatives from Development Partners**

पत्रकार साथीहरु

महिला तथा सज्जनवृन्द

आज कार्यकाल पूरा गरेर ५७ औं बार्षिक साधरणसभाको उद्‌घाटन कार्यक्रमको यस मञ्चमा उभिदा, म अत्यन्त कठिन र चुनौतीपूर्ण कालखण्डमा महासंघप्रति विश्वास र भरोसा राख्नु हुने यहाँहरू सबैप्रति अनुग्रहीत छु । आज,  प्रतिकुलतालाई अनुकुलतामा वदल्ने मेरो प्रयासमा यहाँहरुले दिनु भएको साथ र हौसलाको प्रशंसा गर्दछु ।

नेपाली समाजले कहिल्लै नभोगेको संकटको समयमा संगठित सहकार्यको सम्बाहक वन्न सकेकोमा गौरवान्वित महसुस गरिरहेको छु । हामीले कार्यभार सम्हाल्दा विश्वव्यापी महामारीको संकट थियो । त्यस समयमा आपसी सहकार्य मार्फत अर्थतन्त्रलाई जोगाउँदै पुनरोत्थानका विविध योजना ल्याउनु सबैको दायित्व थियो ।

सिमित स्रोत भएको मुलुकमा यसरी असिमित दायित्व आइपर्दा व्यवस्थापन कठिन थियो । तर हामीले सरकार र केन्द्रिय बैंकसंगको सहकार्यमा काम गर्न सक्यौं । जसले अर्थतन्त्रलाई सोचेभन्दा उच्च दरले लयमा फर्काउन सहयोग पुग्यो ।

दुइ प्रतिशतले ऋणात्मक रहेको अर्थतन्त्र करिब ६ प्रतिशतले विस्तार हुनसक्ने अवस्थामा पुग्नु चाखलाग्दो पुनरोत्थान थियो । तर खासगरि हाम्रा आफ्नै कारणले त्यसलाई दिगो बनाउन सकेनौ र अहिले हामी अर्थतन्त्र जोगाउन संघर्षरत छौ ।

राजनीतिक अस्थिरताका कारण पनि यो समय अनिश्चित जस्तै थियो । दुई बर्ष चार महिनाको कार्यकालमा तीन जना प्रधानमन्त्रीलाई हामीले स्वागत गर्न पायौ । सधै नै संकट र अस्थिरताकाबीच काम गर्नुपर्ने वाध्यता छ । तर पनि अगाडि त बढनु नै छ ।

हो म मान्दछु अहिले निराशा छ, तर यो वादल पनि हटेर जानेछ ।

अहिले हाम्रो लागत बढेको छ तर अवसरहरु सधै टाढा रहने छैनन् ।

अहिले व्यवसाय कठिन छ, तर समुन्नतिको बाटो पनि हामीले नै कोर्नेछौ ।

यो फगत मेरो स्वैर कल्पना मात्र होइन, विगतमा हामीले पुष्टि गरेका छौ ।

हामीले प्रतिकुलतालाई अनुकुलतामा वदलेको गर्विलो इतिहास छ ।

यो अबका दिनमा पनि सम्भव छ ।

किनभने अब महासंघलाई मैलै काविल हातहरुको जिम्मा लगाउँदैछु ।

यी हातहरुले निर्वाध काम गर्न पाउनुपर्छ ।

सम्माननीय प्रधानमन्त्रीज्यू अर्थमन्त्रीज्यू, उद्योगमन्त्रीज्यू यो अवसर यहाँले सिर्जना गरिदिनुपर्छ ।

हाम्रा खुट्टामा अवरोधको जन्जीर लगाउने सुविधा अब छैन ।

हामी चाहन्छौ, हाम्रो संगठित सहकार्य सरकार विरुद्ध आन्दोलनका लागि नहोस् ।

हाम्रो सहकार्य सरकार र सर्वसाधारणको समुन्नतिका लागि होस ।

तपाई हामीलाई अवसर दिनुस, हामी यो मुलुकमा समुन्नति दिन्छौ ।

यो सम्भव छ, निजी क्षेत्र अगाडि बढेपछि भारतमा प्रति बर्ष १.४ प्रतिशतका दरले गरिबी घटिरहेको छ ।

हामीजस्तै मुलुक बंगलादेशमा सन् २०१० यता निर्यात १८ अर्बबाट करिब ४० अर्ब डलर पुगेको छ ।

तीस बर्ष अघि सय दिनको अवधिमा आन्तरिक द्वन्दका कारण ८ लाख मानिस गुमाएको रवान्डाको २० बर्षयताको आर्थिक वृद्धिदर ८ प्रतिशत छ । अहिले अफ्रिकाको दोस्रो राम्रो व्यवसायिक वातावरण भएको मुलुक वनेको छ ।

हामीसंगै एकैदिन विश्व व्यापार संगठनको सदस्य भएको क्याम्बोडियामा प्रत्यक्ष वैदेशिक लगानी नेपालभन्दा दश गुणा बढि भित्रिने गरेको छ ।

यदि यी देशले सक्छन भने हामी किन सक्दैनौ । अरु अगाडि बढन सक्छन् भने हामी कहाँ अल्मलिएका छौ पहिल्याउनुपर्छ ।

सम्माननीय प्रधानमन्त्रीज्यू माननीय मन्त्रीज्यूहरु, मुख्य सचिव ज्यू, गभर्नर ज्यू, सचिवज्यूहरु यहाँ उपस्थित सम्पूर्ण महानुभावहरु समक्ष म भन्न चाहन्छु, हामी सक्छौ ।

अहिले हामी अर्थतन्त्र जोगाऔ अभियानमा छौ । अहिलेको समस्या हामी सबैले सिर्जना गरेका हौ । यसको असर हामी सबैलाई परेको छ । यसको समाधान पनि हामीसंग छ ।

पहिलो कुरा निजी क्षेत्रले निर्वाध काम गर्न पाउने वातावरण नै हो । अझै पनि आर्थिक गतिविधिहरु डेढ बर्ष अघिको तुलनामा आधा घटेको छ । उत्पादन लागत बढेको छ । औपचारिक रुपमै निरन्तर ९ महिनादेखि ८ प्रतिशत हाराहारी रहेको मुल्यवृद्धिदरले सर्वसाधारणको क्रयशक्ति घटदै गैरहेको छ ।

तरलता व्यवस्थापन एवं ब्याजदर स्थायित्वका लागि सरकार र राष्ट बैंकले उपलब्ध सबै उपकरणको प्रयोग गर्नुपर्छ । बैंकहरुले पनि अब के बुझ्नुपर्छ भने उद्यम व्यवसाय चल्न सकेन भने बैंकहरु पनि समस्यामा पर्छन् ।

निजी क्षेत्रले काम गर्न सकेन भने सरकार पनि अप्ठरोमा पर्ने रहेछ भन्ने अब त सबैले बुझेको हुनुपर्छ । आम्दानी भन्दा डेढ खर्ब बढि खर्च भएको छ । कर्मचारीलाई तलब दिन पनि नसकिने हो कि भन्ने चिन्ता जाहेर हुन थालेको छ ।

सम्माननीय प्रधानमन्त्रीज्यू, माननीय मन्त्रीज्यूहरु मुख्य सचिवज्यू, सचिवज्यूहरु, यहाँहरुले निजी क्षेत्र विना बिकास सम्भव छैन भन्नु हुन्छ । अन्य राजनीतिक दल र तिनको

नेतृत्वले पनि त्यही भन्नुहुन्छ । मैले यहाँहरुको भनाइमा शंकका गरेको हैन तर जुन बोलीमा छ, त्यो व्यवहारमा देखिदैन ।

राज्य चलाउने रकम निजी क्षेत्र र सर्वसाधारणको उपक्रमबाट आउछ भन्ने बिषय राजनीतिक नेतृत्व, माननीय सांसदज्यूहरु र राष्टसेवक कर्मचारीहरुले सधै वोध गरिरहनुपर्छ । त्यसैले म आग्रह गर्छु सबै राजनीतिक दलका कार्यालय, संसद भवन र सरकारी कार्यालयमा निम्न कुराहरु लेखेर देखिने गरि राखि दिनुस् ।

**कुल गार्हस्थ्य उत्पादनमा निजी क्षेत्रको योगदान ८१ प्रतिशत छ ।**

**निजी क्षेत्रले ८५ प्रतिशत श्रम शक्तिलाई रोजगारी दिएको छ ।**

**उद्यमी व्यवसायी र सर्वसाधारणको उपक्रमबाट ८५ प्रतिशत राजश्व उठ्छ ।**

**निजी क्षेत्रले काम गर्न सकेन भने सरकारी खर्च पनि चल्दैन ।**

**त्यसैले सर्वसाधारणको काम छिटो छरितो गर्नुपर्छ ।**

**निजी क्षेत्रलाई लगानीको वातावरण बनाउनुपर्छ ।**

**उद्यमी व्यवसायीलाई सम्मान गर्नुपर्छ ।**

**म यी सब लेखिएको प्लेट सबैतिर झुण्डाउन सम्माननीय प्रधानमन्त्रीज्यू मार्फत सरोकारवाला सबैमा आग्रह गर्दछु ।**

सम्माननीय प्रधानमन्त्रीज्यू यहाँ समक्ष अहिले चुनौतिमात्र छैन् । समस्यामा अवसर पनि हुन्छन । यहाँसंग समस्या समाधान गरेर आर्थिक बिकासमा योगदान दिनसक्ने नेतृत्वको छवि बनाउने अवसर छ अहिले । फेरि पनि भन्छु निजी क्षेत्रलाई अवसर दिइनुपर्छ । हामी संकटमा संघर्ष गरेर आगाडि वढन अभ्यस्त छौं ।

हामी संवेदनशील भएर अगाडि बढनुपर्छ । अर्थतन्त्रमा समस्या हुँदा हामी पनि लोकपृय निर्णय गर्नसक्थ्यौ । जुन सहज थियो र मैले प्रसंसा पनि बटुल्थे । लोकप्रियताको रूझान क्षणिक र सतही हुन्छ । यसमा न मलाई कुनै आकर्षण रह्यो, न त्यसखालका व्यवहारप्रति झुकाव नै ।

हामीले अहिले अल्पकालमा के गर्ने र दीर्घकालमा दिगो आर्थिक बिकासका लागि के गर्ने भन्ने सोच राख्न सकेनौ भने धेरै पछाडि पर्छौ । हामीले सन २०३० सम्म अर्थतन्त्रको आकार एक सय अर्ब डलर पुर्‍याउन सकिने खाका कोरेका छौ । मेरो कार्यकालको शुरुमै यो दस्तावेज वनेको थियो । कोभिडका बीचमा पनि हामीले अर्थतन्त्र जोगाउँदै १० बर्षे लक्ष्य निर्धारण गर्नु एक दुस्साहस नै थियो । तर भिजन पेपर आयो र सोही अनुसार काम पनि भए ।

महासंघको तयार गरेको आर्थिक रुपान्तरणमा तत्कालीन अवस्थामा ३५ अर्ब डलर हाराहारी रहेको अर्थतन्त्रलाई १० वर्षमा एक सय अर्ब डलरको पुऱ्याउने कार्ययोजना छ । कुल गार्हस्थ्य उत्पादन र व्यापार घाटाबीचको अनुपात आधा घटाउने र औपचारिक निजी क्षेत्रमा थप २२ लाख जनशक्तिलाई रोजगारी दिन सक्ने आधार यसमा समावेश भएका छन । यसका लागि १० प्राथमिकता प्राप्त क्षेत्र र एक सय कार्ययोजना पहिचान गरिएका छन् ।

हाम्रो यस प्रयासलाई सरकारको साथ प्राप्त हुनु निजी क्षेत्रका लागि हौसला हो । २०७९ श्रावण २६ गते भएको सम्झौताले नेट २०३० र सरकारका नीति तथा कार्यक्रम एवं बजेट संयुक्त रुपमा कार्यान्वयन गर्न दुइवटा समितिको व्यवस्था गरेको छ । यी दुइ समिति महासंघले सरकारसंग सम्वाद गर्नका लागि स्थायी संयन्त्र हुनेछन् । जसमा महासंघको भिजन पेपर मात्र नभइ उद्यमी व्यवसायीका विविध बिषयमा निजी क्षेत्रले छलफल बहस गर्नेछ ।

यसैगरि सम्झौता अनुसार नै स्टार्ट अप नीतिको मस्यौदा तयार भएको छ । यसलाई मन्त्रालयले सरोकारवालाहरुसंग छलफल गरि मन्त्रीपरिषदमा पेश गर्न तयार पारेको छ । उक्त नीति पारित गर्न म सम्माननीय प्रधानमन्त्रीज्यु समक्ष आग्रह गर्दछु ।

हालै जारि भएको स्टार्ट अप उद्यम कर्जा कोष कार्यविधि २०७९ तयार पार्न महासंघको उल्लेखनीय भूमिका रह्यो । सोही कार्यविधि अनुसार कर्जा दिन सार्वजनिक सूचना आव्हान भैसकेको छ । सम्झौता अनुसार हरेक प्रदेशमा इन्कुवेसन केन्द्र स्थापना हुनेछ ।

प्रदेश च्याप्टरले प्रदेश सरकारसंग समन्वय गरि स्थान र अन्य समन्वय गर्नुपर्नेछ । यसको स्थापनाका लागि महासंघ केन्द्रले सहायता प्रदान गर्नेछ । हामीले शुरु गरेको ५० स्टार्ट अप ५० लगानीकर्ता कार्यक्रम अन्तर्गत युवाहरु ठूला लगानीकर्ताहरुसंग जोडिन थालेका छन् । यसको निरन्तरता आवश्यक छ ।

साना तथा मझौला उद्यमीलाई विना धितो परियोजना कर्जा दिने बिषयलाई हाम्रै प्रयासमा सरकारको बजेटमा राख्न सम्भव भयो ।

यसको जोखिम न्युनिकरणका लागि अवलम्बन गर्न सकिने उपाय सहितको प्रतिवेदन हामीले केन्द्रिय बैंकसमक्ष पेश गरिसकेका छौ । साना तथा मझौला उद्यमी हाम्रो प्राथमिकतामा छन् । त्यसैले त हामीले महासंघमा साना तथा मझौला उद्यमी बिकास केन्द्र स्थापना गर्ने निर्णय गरिसकेका छौ ।

महासंघले सम्भवतः पहिलोपटक साना तथा मझौला उद्यमी सम्मेलन आयोजना गऱ्यौं । जसले १० बुँदे घोषणा पत्र जारि गरेको छ र अब यो बार्षिक कार्यक्रमका रुपमा समावेश भएको छ ।

लघु, घरेलु साना तथा मझौला उद्यम संचालन सहयोगी पुस्तिका हामीले सार्वजनिक गरेका छौ । यसले व्यवसाय संचालन सम्बन्धि जानकारी दिनेछ । बैंकर्स संघ र बिकास बैंक संघ संगको सहकार्यले आगामी दिनमा प्रदेश तहमा पनि बैंगिक विवाद समाधान सहज हुने अपेक्षा मैले गरेको छु ।

सहुलियतपूर्ण कर्जा सम्बन्धि धेरै काम अनलाइनबाट गर्न सकिने गरि सफ्टवेयर निर्माण हुँदैछ । यो बैंकर्स संघसंगको सहकार्यमा कार्यान्वयनमा जानेछ ।

महासंघलाई जिल्लाहरुसंग जोडने क्रममा हामी करिब १९ स्थानमा राजश्व सम्बन्धि तालिम कार्यक्रम लिएर जादैछौ । यो साधारणसभा लगत्तै तालिम शुरु हुनेछ ।

बिकास साझेदारहरुसंगको सहकार्य यस अवधिमा निक्कै विस्तार भएको छ । अन्तराष्टिय श्रम संगठन नेपाल मार्फत हालसम्मकै ठूलो परियोजना संचालन भैरहेको छ । यस मार्फत विभिन्न अध्ययन अनुसन्धानसंगै क्षमता बिकासका कार्यक्रमहरु संचालित छन । निजी क्षेत्रका लागि महत्वपूर्ण दस्तावेजहरु बनेका छन् ।

युरोपियन युनियनको सहयोगमा ब्रिटिस काउन्सिल द्वारा संचालित परियोजना भर्खरै सकिएको छ । यसले प्राविधिक शिक्षा एवं तालिममा महत्वपूर्ण काम गर्‍यो । उद्योग परिसंघ, घरेलु तथा साना उद्योग महासंघ, निर्माण व्यवसायी महासंघ र होटल संघ पनि यसमा जोडिएका थिए । जुन निजी क्षेत्रको साझेदारीको नमुना पनि हो ।

नेपाल अतिकम विकसित मुलुकबाट स्तरोन्नति (एलडीसी ग्र्याजुएसन) हुँदा त्यसको प्रभाव तथा दिगो स्तरोन्नतिका बिषयमा महासंघको चासो छ । हामीले स्तरोन्नतिको निर्णय भएसंगै निजी क्षेत्रमा पर्ने प्रभाव र समाधानका उपाय सहितको दस्तावेज तयार पारेका छौ । निजी क्षेत्रबाट तयार भएको यो पहिलो दस्तावेज हो ।

स्तरोन्नतिले सबैभन्दा बढि युरोप अमेरिका लगायत बिकसित मुलुकमा भैरहेको साना मझौला उद्यमीको निर्यातमा असर पर्नेछ । यसलाई सरकारले निक्कै हल्का रुपमा लिएको छ ।

अहिले हामी चुक्यौ भने फेरि पनि हामी व्यापार घाटाको अंकमात्रै गनेर बस्ने अवस्थामा हुनेछौ । विश्व व्यापार संगठनको सदस्य वनेको १८ बर्षमा निर्यात तीन गुणा बढेको छ भने आयात ९ गुणासम्म वढेको छ । वाह्य प्रभावलाई नजर अन्दाज गर्न मिल्दैन ।

हाम्रो मुख्य आम्दानी रेमिट्यान्स भन्दा गत बर्ष व्यापार घाटा ८ खर्ब रुपैयाले बढि थियो । यो बर्ष रेमिट्यान्स केहि बढेको र आयात प्रतिवन्ध हुँदा ६ खर्बको फरक हुने देखिन्छ । यो खाडल पुर्नका लागि हो निर्यात बढाउनुपर्ने, विदेशी लगानी जुटाउनुपर्ने अनि प्रभावकारी वैदेशिक सहायता परिचालन गर्नुपर्ने ।

सम्माननीय प्रधानमन्त्रीज्यू यो मुलुकको ठूलो जोखिम हो भन्ने कुरा बुझेर यसमा काम गर्नुपर्छ । व्यापार घाटा सरकारले पुर्ति गर्न सक्दैन ।

किनभने हामीले आजै केहि समयमै सार्वजनिक गर्न लागेको अर्थतन्त्रमा निजी क्षेत्रको योगदान नामक पुस्तकले कुल गार्हस्थ्य उत्पादनमा हाम्रो योगदान ८१ प्रतिशत देखाएको छ । निर्यातबाट हुने आम्दानीमा ९९ प्रतिशत हिस्सा निजी क्षेत्रको छ ।

यो अध्ययन प्रतिवेदन तयार पार्न अन्तराष्टिय वित्त निगम आइएफसीले आर्थिक एवं प्राविधिक सहयोग प्रदान गरेको छ । म आइएफसीलाई धेरै धेरै धन्यवाद दिन चाहन्छु । यसको अध्ययनमा पुर्याउन भएको सहयोगका लागि पुर्व अर्थ सचिव शिशिर कुमार ढुंगाना र फ्याक्ट्स नेपाललाई धन्यवाद ।

यसप्रकारको अध्ययन पहिलोपटक भएको हो । जसले निजी क्षेत्रको योगदान र उसले भोग्नुपरेका समस्या र समाधानका उपाय एकैसाथ प्रस्तुत गरेको छ । पहिलो अध्ययन भएकोले यहाँहरुको सुझाव समेटेर आगामी दिनमा परिमार्जन गर्दै प्रकासित गरिनेछ ।

प्रतिष्पर्धि उत्पादन क्षमता नहुँदा हामी सधै जोखिममा रहेका हौ । उत्पादनमूलक उद्योगको क्षमता बढन नसक्नु र सुधारका उपायबारे हामीले छुट्टै अध्ययन गरेका छौ । यसको कार्यान्वयनका लागि म आग्रह गर्दछु । भिजन पेपरले पहिल्याएका १४ मध्ये ८ कानुनको तीन महले तयार भैसकेको छ ।

हाम्रा सझुाव मुलतः पारदर्शि कर प्रणाली, उत्पादन र उत्पादकत्व वृद्धिसंग सम्बन्धित छन् । हामीले उत्पादकत्वमा आधारित ज्याला र न्यूनतम ज्याला निर्धारण सम्बन्ध अध्ययन पनि गरेका छौ । यसले ज्यालालाई उत्पादकत्वसंग जोडने आधार प्रस्तुत गर्नेछ ।

वैदेशिक लगानीका सम्भावना पहिल्याएको प्रकासन संगै महासंघमा वैदेशिक लगानी सहायता कक्ष स्थापना गरिएको छ । नेपालमा संचालित प्राय सबै वहुराष्टिय कम्पनी नाफामा छन । नेपाल जनसंख्याको आधारमा ४९ औ ठूलो मुलुक हो । विगत ३० बर्षमा ५० लाख बढि नेपाली गरिबीको रेखा भन्दा माथि उठेका छन् । भारत लगायत बिकसित मुलुकमा नेपाली उत्पादनको भन्सार रहित पहुँच छ । यस्तो तुलनात्मक लाभ हुँदा पनि नेपालमा लगानी नआउनुको कारण खोज्ने प्रयास हामीले गरिरहेका छौ । र विदेशी लगानीकर्तालाई आवश्यक सहयोग पनि उपलब्ध गराउँदैछौ ।

विशेषगरि भारतीय लगानी आकर्षित गर्न हामीले विशेष पहल गरेका छौ । तत्कालीन प्रधानमन्त्री शेर वहादुर देउवाको उपस्थितिको भारत भ्रमणका क्रममा नया दिल्लीमा नेपाल भारत लगानी अन्तरक्रिया कार्यक्रम आयोजना गरिएको थियो । महासंघ र Confideration of Indian Industriy (CII) ले उक्त कार्यक्रम आयोजना गरेको

थियो । यसपटक सम्माननीय प्रधानमन्त्रीज्यूको भ्रमणका क्रममा पनि नेपाल भारत लगानी सम्मेलन आयोजना गर्ने तयारी गरेका छौ ।

कृषिलाई उद्यम नबनाइ हामीकहाँ औद्योगिकरण सम्भव छैन् । तर कृषि इकोसिस्टमकै पुर्नसंरचना नगरि हुँदैन । बर्षको करिब ४० अर्ब कृषि बजेट हुन्छ । तर हरेक बर्ष मल र विउको हाहाकार हुन्छ । ७० प्रतिशत सिंचाइ आयोजना मौसमी छन अर्थात बर्षामा मात्रै पानी हुने आयोजना । कुल बजेटको करिब आधा रकम अनुदानमा जाने गरेको छ ।

तर कृषि क्षेत्रको उत्पादकत्व दक्षिण एसियमै न्युन मध्ये छ । कुल आयातमा कृषिजन्य उत्पादनको हिस्सा २० प्रतिशत छ । माटो परिक्षण, विउ, मल, सिंचाइ, अनुदान बजार सबैमा समस्या छ भने टालटुले नीतिले हुँदैन । कृषिको विस्तार आयात प्रतिस्थापनसंग पनि सम्बन्धित छ ।

२० बर्षयता अर्थतन्त्रमा उत्पादनमूलक क्षेत्रको योगदान १५ वाट ६ प्रतिशतमा झरेको कुरा यहाँहरुलाई नौलो बिषय रहेन । किन यसरी ओरोलो लागेको हो भन्ने बिषयमा चर्चा कमै हुन्छ । उत्पादनमूलक उद्योगको एउटा प्रमुख कच्चा पदार्थ कृषिजन्य उत्पादनको चर्चा मैले माथि गरिसके ।

हाम्रो लागत अन्य प्रतिष्पर्धिभन्दा निक्कै उच्च छ । तयारी पोशाककै कुरा गर्ने हो भने बंगलादेशभन्दा नेपालको लागत करिब ३० प्रतिशत बढि छ ।

हामी कहाँ र कुन वस्तु र सेवामा प्रतिष्पर्धि वन्न सक्छौ त्यसमा काम गर्नुपर्छ । अहिले एनटिआइएस मार्फत चौथो पटक लाभका वस्तु एवं सेवा पहिचान हुँदैछ । विगतका ३ वटा रणनीति असफल भएको हेक्का यसमा राखिएको जस्तो मलाई लाग्दैन ।

बिजुली हाम्रा उद्योगका लागि कच्चा पदार्थ हो । जुन सस्तो हुनसक्छ । उद्योगलाई किन सस्तोमा बिजुली दिन सकिदैन । ब्याजलाई किन यति उचार चढावयुक्त वनाइन्छ । नीतिगत स्थायित्व चाहिन्छ । लगानीकर्ताले जोखिम मापन गरेको हुन्छ । तर संवेदनहीन तरिकाले नीतिगत निर्णय हुँदा थेग्न सकिदैन ।

हामीकहाँ दुइ बर्ष लगातार ७ प्रतिशतमाथिको आर्थिक वृद्धि हुने वित्तिकै अर्थतन्त्रमा चाप पर्न थाल्छ । तरलता अभाव हुन थाल्छ । यो स्वदेशी र विदेशी दुवै लगानीको निरन्तर प्रवाह हुन नसकेका कारण भएको हो । मैले अघि पनि भने यहाँ संचालित सबै कम्पनी नाफामा चल्ने तर नयाँ विदेशी कम्पनी नआउने । कहीं न कहीं त समस्या छ । सम्माननीय प्रधानमन्त्रीज्यू हामी उदार हुनुपर्छ । देशमा पैसा आएन भने हामी कंगालमात्रै हुँदै जाने हो ।

अहिले हामी युवाहरुको देश छौ । जनसंख्या वृद्धिदर ०.९ प्रतिशतमा झरिसकेको छ । अबको २० बर्षमा हामी वृद्धहरुको देश वन्दैछौ । अहिले तीन हाजार बढि युवा कामका लागि विदशिदैछन् । करिब ४ सय जना पढन विदेशिदैछन ।

हाम्रो शिक्षा प्रणाली विग्रिदैछ, हामीकहाँ दक्ष जनशक्तिको अभाव छ, रोजगारीका अवसर संकुचित हुँदैछन् । संस्थाहरु विग्रिदैछन । यो मुलुक नै दुर्घटना तर्फ उन्मुख हुँदै गएको संकेत हुनसक्छ ।

राजश्व प्रणाली र प्रशासनमा व्यापक सुधार आवश्यक छ । जो नियमित करदाता छन् उनीहरुलाई नै थप भार पार्ने नीति लामो समय टिक्दैन । परिवर्तित विश्व अर्थतन्त्रमा राजश्व कर वलले हैन, प्रोत्साहित गरेर उठाउनुपर्छ ।

कुल गार्हस्थ्य उत्पादनमा कर राजश्वको अनुपात २१ प्रतिशत छ । जुन दक्षिण एसियामै वढि हो । कोभिड महामारीको समयमा पनि हामीले अपील जारि गरेरै सबैलाई राजश्व बुझाउन आव्हान गर्‍यौ ।

तर अहिले हामी समस्यामा छौ । व्यापार निक्कै घटेको छ । त्यसैले त राजश्व गत बर्षभन्दा १६ प्रतिशत कम उठेको हो । तर सरकारको अनियन्त्रित चालु खर्च पूर्ति गर्नका लागि उद्यमी व्यवसायीलाई नै निचोर्ने काम भैरहेको छ । यतिबेला व्यवसायलाई प्रोत्साहन गरौ ।

जस्तो कि व्यवसायीहरुले मिसम्याचको समयावधि चैत मसान्तबाट बढाइ दिन आग्रह गरेका छन् । यसले प्रोत्साहित गर्नेछ । यसका लागि म सम्माननीय प्रधानमन्त्री एवं माननीय अर्थमन्त्रीज्यू समक्ष आग्रह गर्दछु ।

अब म उद्यमी व्यवसायीले आशाको रुपमा हेरेको महासंघको कुरा गर्छु । महासंघको थप सुदृढिकरणका लागि विधान संसोधनको मस्यौदा तयार पारेको छु । मैले कार्यभार सम्हाल्दा विधान संसोधनको वाचा गरेको थिए । मस्यौदा तयार छ । म यो नया नेतृत्वलाई हस्तान्तरण गर्नेछु र उहाँहरुले यसलाई अगाडि बढाउने नै छ ।

महासंघको संस्थागत विकास र सुदृढीकरणका लागि यो आवश्यक छ । साथै निजी क्षेत्रको आड भरोसाको दरिलो संस्था बनाउने क्रममा सचिवालय सुधार पनि हामीले विशेष ध्यान दिएका छौ ।

सचिवालयमा एकिकृत सफ्टवेयर जडान भै पारदर्शी रुपमा काम शुरु भएको छ । यस अवधिमा महासंघको कोष करिब ६० प्रतिशत वृद्धि भएको छ । पारदर्शिता र शुसासनलाई केन्द्रमा राखि गरिएका सुधारले महासंघलाई २१ औ शताब्दी सुहाँउदो निजी क्षेत्रको प्रतिनिधिमूलक संस्था बनाउने विश्वास मलाई छ ।

नेपाल उद्योग वाणिज्य महासंघ मेरो लागि मन्दिर हो र सधैं मन्दिरका रूपमा रहनेछ । महासंघको विधानमा कोरिएका अक्षरहरू हेर्दा मेरो पुजनीय वुवाको स्मृति मनसपटलमा आइरहन्छ । बुवा, दाजुहरू र सहधर्मीहरूका पदचिन्ह पछ्याउँदै म महासंघमा जोडिएँ, दुइ दशक संस्थाको सुदृढीकरण र उद्यमी-व्यवसायीका मुद्दाहरूको पैरवी गर्दै महासंघलाई नेतृत्व गर्ने सुअवसर प्राप्त गरें । यसलाई मैले मेरो जीवनका स्वर्णिम पलहरू मानेको छु ।

अन्त्यमा, महासंघमा मलाई डोऱ्याउने, अघि बढाउने, साथ सहयोग र हौसला प्रदान गर्नुहुने सबै अग्रजहरूप्रति नमन गर्न चाहान्छु । मलाई यस चुनौतिपूर्ण घडिमा काम गर्न सहयोग र हौसला प्रदान गर्नु भएकोमा मेरो परिवारलाई म विशेष धन्यवाद दिन चाहन्छु । महासंघको नेतृत्व लिएको पछिल्लो दुई वर्ष मलाई सहयोग, सल्लाह र साथ दिनुहुने सम्पूर्ण पदाधिकारीहरू, कार्यसमिति, महासंघका सदस्यज्यूहरु र महासंघका सबै कर्मचारी लगातय सम्पूर्ण सरोकारवालाहरुमा स्नेहरूपी आभार व्यक्त गर्दछु ।

धन्यवाद !

- शेखर गोल्छा, अध्यक्ष, नेपाल उद्योग वाणिज्य महासंघ